FIFA WORLD CUP RUSSIA 2018




# जापानको कोलम्बियामाथि ऐतिहासिक जित



मस्को, (एजेन्सी)

विश्वकप समूह 'एच' को पहिलो खेलमा जापानले ऐतिहासिक पहिलोपटक कोलम्बियामाथि जित दर्ता गराएका छन्।

मंगलबार भएको सो खेलमा जापानले कोलम्बियालाई २-१ गोलअन्तरले पराजित गरेको हो। खेलको चौथो मिनेटमै १० खेलाडीमा सीमित भएको कोलम्बियाविरुद्ध जापानले सनसनीपूर्ण जित हासिल गरेको हो। यसअधिका ३ पटकको भेटमा जापानले कोलम्बियालाई हराउन सकेको थिएन।

खेलको चौथो मिनेटमा कार्लोस सान्चेजले आफ्नो डी एरियाभित्र बललाई हातले छोएपछि रातो कार्डको शिकार बन्दै मैदान छाड्नुपरेको थियो। कोलम्बियाका मिडफिल्डर कार्लोस सान्चेज रसिया विश्वकपमा रातो कार्ड पाउने पहिलो खेलाडीसमेत बनेका छन्। सो कार्ड विश्वकप इतिहासमा दोस्रो छिटो रातो कार्ड पनि हो। यति मात्र होइन जापानले पेनाल्टी हान्ने अवसरसमेत प्राप्त गर्‍यो। पेनाल्टीलाई सिन्जी कागावाले गोलमा परिणत गर्दै जापानलाई शुरूआती अग्रता दिलाएका थिए। तर खेलको ३९औं मिनेटमा कोलम्बियाका जुवान क्विन्टरोले फ्रि-किक प्रहारमा गोल गर्दै पहिलो हाफसम्म खेललाई १-१ स्थितिमा टुंग्याएका थिए।

तर खेलको ७३औं मिनेटमा काइसुके होन्डाको पासमा युया ओसाकोले गोल गर्दै जापानलाई २-१ ले अघि राखे। त्यसपछि कोलम्बियाले पनि गोलका लागि थुप्रै आक्रमण बुनेका थिए। तर ओसाको गोल नै जापानको जितका लागि पर्याप्त बन्यो। रेफ्रिले खेल समाप्त भएको सिट्टी फुकेपछि रंगशालामा उपस्थित दर्शक र जापानी बेन्चको दृष्य भने हेर्न लायक बनेको थियो।



**छिटो रातो कार्ड**
शिन्जी कागावाको प्रहार गोलपोस्टमा हातले छेकेपछि कार्लोस सान्चेजलाई रातो कार्ड देखाइएको थियो। यो विश्वकपमा देखाएको सबैभन्दा छिटो रातो कार्ड हो। कोलम्बियाका सान्चेजले खेल शुरू भएको २ मिनेट ५६ सेकेन्डमा रातो कार्ड आत्मसात गरेका थिए।

## पोल्यान्डको गल्तीमा सेनेगल विजयी

मस्को, (एजेन्सी)

रुसमा जारी विश्वकपअन्तर्गत पहिलो चरणको अन्तिम खेलमा सेनेगल विजयी भएको छ।

मंगलबार राति समूह एच को खेलमा दोस्रो विश्वकप (२००२ पछि) खेलिरहेको सेनेगलले पोल्यान्डजस्तो सशक्त युरोपियन टोलीलाई २-१ ले हराएको हो। सेनेगलका लागि दुबै गोल हुनुमा पोल्यान्डको गल्ती थियो। पहिलो गोल ३७ औं मिनेटमा आत्मघाती गोल भएको थियो। इड्रिसा गुएको प्रहारमा टियागो सिओनेकसँग डिफ्लेक्ट भएर बल पोल्यान्डकै जालीमा पुगेको थियो। सेनेगलले पहिलो हाफमा १-० को अग्रता बनायो।

दोस्रो हाफमा गोल हुनु पनि पोल्यान्डको ठूलो गल्ती थियो। गोलकिपर वोजसिएच सेजेन्सीलाई पास गरेको बललाई मबाए नियाङले नियन्त्रणमा लिएर गोल गरेका थिए। गोल हुन्जेल सेजेन्सी धेरै पछाडि थिए। यो नियाङको पहिलो अन्तर्राष्ट्रिय गोल थियो। गजेगोर्ज क्रिचोवियाकले ८५औं मिनेटमा गोल गरेर पोल्यान्डलाई आस दिलाए। तर बाँकी समयमा गोल हुन नसक्दा सेनेगलको जित पक्का भयो।

## प्लेयर्स टू वाच

### क्रिस्टियानो रोनाल्डो

(पोर्चुगल)

आज हुने मोरोक्कोविरुद्धको खेलमा अवश्य क्रिस्टियानो रोनाल्डोमाथि नै सबैको नजर हुनेछ। समूह बी अन्तर्गत स्पेनविरुद्धको पहिलो खेलमा ह्याट्रिकमार्फत् पोर्चुगलको हार टारेको रोनाल्डोसँग यस्तै आशा उनको समर्थकले गरेका छन्। यसपटक उनी पुरै लयमा देखिएका छन्।

स्पेनविरुद्ध गरेको ३ गोलले उनलाई जारी विश्वकपको सर्वाधिक गोलकर्ताको शीर्ष स्थानमा उभ्याएको छ। विगतका ३ विश्वकपमा कुल ३ गोल मात्र गरेका उनले जारी विश्वकपको पहिलो खेलमै ३ गोल गरेर आफ्नो विश्वकप गोलसंख्या ६ पुर्‍याइसकेका छन्। स्पेनविरुद्धको खेलमा उनले कुल ४ पटक गोलपोस्टमा प्रहार गरेकोमा तीन त लक्ष्यमै पुगेका थिए।






# रुसी महिलासँग मेलजोल बढाउँदै

मस्को, (एजेन्सी)

रुसमा जारी विश्वकपको दौरान अर्को देशका फुटबल समर्थकले स्थानीय महिलाहरूसँग मेलजोल बढाउन धेरै चासो बढाएको एजेन्सीले जनाएको छ।

अर्जेन्टिनाबाट आएका समर्थक अगुस्टिन ओथेलोले आफ्नो टोलीको समीक्षा गर्नु साटो फोनमा रुसी महिलाको नम्बर गन्नमा व्यस्त रहेका छन्। २६ वर्षीय इन्जिनियरले साथीहरूसँग होड लागेको छ कि सबैभन्दा बढी महिलाको फोन नम्बर कसले बटुलेका छन्। अगुस्टिनलाई आशा छ कि उनी ह्यान्डसम छन् र उनले माया पाउनेछन्।

उनले बताए कि अंग्रेजी या स्पेनिस भाषा कम रुसी महिलाले बुझ्दछन्। भाषाको बाधा बाबजुद समर्थक आफैं रुसी व्यक्तिहरूसँग मिल्न कसैले रोक्न सकेको छैन। जबकी रुसी राजनीतिज्ञहरूले स्थानीय महिलालाई विदेशी पुरुषसँग टाढा रहन सल्लाह दिइरहेका छन्।

**जति बच्चा हो त्यति नै राम्रो**

रुसको दोस्रो संसद् एलडीपीआर पार्टीका सांसद मिखायल देगत्यारयोभले बताए- 'ज्यादा मायाले विश्वकपसँग जुडेको महशुस हुन्छ। जति बच्चा हो त्यति नै राम्रो हो। रुसका राष्ट्रपति भ्लादिमिर पुटिनको कार्यालयले विश्वकप दौरानमा रोमान्स गर्ने कसैको निजी छनोट करार दिएको छ।

पुटिनका प्रवक्त डिमित्री पेस्कोभले बताए- 'रुसी महिलाहरू आफूले आफूलाई सम्हाल्न सक्छन्। उनीहरू संसारकै सर्वश्रेष्ठ महिलाहरू हुन्।



## टिट्स बिट्स

### लामखुट्टे पनि मैदानमा

मस्को, (एजेन्सी)



विश्वकपअन्तर्गत सोमबार राति भाल्गोग्राड स्टेडियममा भएको इंग्ल्यान्ड र ट्युनिसियाबीच भएको खेलमा लामखुट्टेले दुःख दिएको छ।

खेल दौरान खेलाडीहरू बल खेल्नुको सट्टा लामखुट्टेसँग लडिरहेका थिए। खासगरी इंग्ल्यान्डका खेलाडी लामखुट्टे मार्दै थिए। यसको मतलब स्टेडियममा लामखुट्टे धेरै थिए। इंग्ल्यान्डका खेलाडी खेल जारी हुँदा एन्टी मस्किटो स्प्रे गरिरहेका थिए। खेलअगाडि अभ्यासमा पनि खेलाडीलाई लामखुट्टेले दुःख दिएको थियो। एन्टी मस्किटो स्प्रेले लामखुट्टेलाई भगाउन पनि सकिएन। किनकि त्यहाँ हजारौं संख्यामा लामखुट्टे रहेको जनाइएको छ।

### १.८३ दर्शक संख्याको कीर्तिमानी

लन्डन, (एजेन्सी)

इंग्ल्यान्डमा इंग्ल्यान्ड र ट्युनिसियाबीचको खेल टेलिभिजनमा हेर्नेको संख्या १.८३ करोड दर्शक रहेको बीबीसीले जनाएको छ। यो नयाँ कीर्तिमान रहेको पनि दावी गरियो। रुसको भोल्गोग्राडमा खेलिएको खेलमा इंग्लिस कप्तान ह्यारी केनले इन्जुरी समयमा गोल गरेर टोलीलाई २-१ ले जित दिलाएका थिए। यो खेल टेलिभिजनमा ६९.२ प्रतिशत दर्शकले हेरे। यसले गत महिनाको शाही विवाहको कीर्तिमानलाई समेत पछि पारेको छ। यसका साथै लगभग ३० लाख मान्छेले यो खेल अनलाइनमा हेरेको पनि बीबीसीका लागि कीर्तिमान रहेको जनायो।

# इंग्ल्यान्डको जितमा केन नायक

मस्को, (एजेन्सी)

इंग्ल्यान्डले ट्युनिसियामाथि कठिन जित निकाल्दा दुई गोल गर्दै कप्तान ह्यारी केन नायक बनेका छन्।

सोमबार राति भएको खेलमा इंग्ल्यान्डले ट्युनिसियालाई २-१ गोल अन्तरले हराउँदा दुवै गोल कप्तान ह्यारी केनले गरेका थिए। ट्युनिसियाका लागि फेरजनी सासीले एक गोल गरे।

केनले खेलको ११औं मिनेटमा पहिलो गोल गरेका थिए। ट्युनीसियाका गोलरक्षकले छेकेको बल रिबाउन्ड हुँदा केनले पुन प्रहार गर्दै गोलमा परिणत गरेका थिए। तर, ३५औं मिनेटमा ट्युनिसियाले पेनाल्टी पायो। पेनाल्टीको अवसरलाई ट्युनीसियाका सासीले गोल गर्दै खेललाई बराबरीमा ल्याएका थिए। त्यसपछि निकै प्रतिस्पर्धात्मक भएको खेलमा जितका लागि इन्जुरी समय नै पर्खनुपर्‍यो।

बराबरीतिर अग्रसर खेलको इन्जुरी समयमा केनले हेडमार्फत् व्यक्तिगत दोस्रो गोल गरेपछि इंग्ल्यान्डको जित सम्भव भयो। योसँगै समूह 'जी' मा रहेको इंग्ल्यान्डले तीन अंक जोडेको छ। सोमबार राति भएको यही समूहको अर्को खेलमा बेल्जियमले पनामालाई ३-० गोलले हराउँदै तीन अंक जोडेको थियो। गोल अन्तरका आधारमा बेल्जियम समूहको शीर्ष स्थानमा छ।

